तिनाउ गाउँपालिकाद्धारा चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधिसम्म

संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई प्रतिवेदन




Madi View

सहजिकरण

माडी भ्यू मिडिया प्रा.लि.

तानसेन पाल्पा

आयोजक

तिनाउ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, दोभान पाल्पा

Madi View Media Pvt. Ltd. Estd.:2077 Palpa

प्रतिवेदक

विजय बौडेल

अध्यक्ष

माडी भ्यू मिडिया प्रा.लि.

२०८२ चैत २७ गते शुक्रबार

CS CamScanner

तिनाउ गाउँपालिकाद्धारा चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाइ प्रतिवेदन-२०८२

दोभान, पाल्पा

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ। नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ। सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले तिनाउ गाउँपालिकामा सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । तिनाउ गाउँपालिका बाहिर खुल्ला स्थानमा २०८२ चैत २७ गते शुक्रवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

ख तिनाउ गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

- ❖ सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने।
- ❖ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- ❖ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- ❖ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने । ख गाउँपालिकाको कार्यालयबाट प्रदान गरीने सेवामा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
- ❖ नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने ।
- ❖ नागरिकबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्दै कार्यालयको सेवा थप प्रभावकारी बनाउने

Madi View Media Pvt. Ltd. MV Madi View Estd. 2077 * Palpa *

CamScanner

।

❖ कार्यालयबाट प्रवाह भएका सेवाहरु बारे नागरिकको चासो र जानकारी लिने, त्यसअनुसार सुझाव संकलन गरि सुधारमा कार्यान्वयन गर्ने ।

३. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाइ सहजिकरण गर्ने संस्थाको नाम : माडी भ्यू मिडिया प्रा.लि.
संस्थाको ठेगाना : तानसेन-९, पाल्पा
सार्वजनिक सुनुवाईको विषय : तिनाउ गाउँपालिकाद्धारा चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता
आयोजक : तिनाउ गाउँपालिकाको कार्यालय, दोभान

कार्यक्रम विवरण
मिति : २७ चैत्र २०८२ (शुक्रबार)
स्थान : तिनाउ गाउँपालिका कार्यालय सभाहल, दोभान, पाल्पा
समय : दिनको १२:०० वजेदेखि ३:०० बजेसम्म (३:०० घण्टा)

## सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिताहरु

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ । प्रश्न राख्नुभन्दा पहिले आफ्नो नाम, ठेगाना या प्रतिनिधित्व गर्ने संस्था खुलाउनुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, प्रश्न कसका लागी या कुन बिषयगत शाखाका लागी हो ? प्रष्ट खुलाएर भन्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा तिन मिनेट भित्र प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९. सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

Madi View Media Pvt. Ltd. MV Madi View Estd.:2077 Palpa

१०. सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

४. जवाफदेही वक्ताहरु

- ❖ तिनाउ गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठ
- ❖ तिनाउ गाउँपालिकाका उपाध्यक्ष श्री लाल बहादुर थापा
- ❖ तिनाउ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश सारु
- ❖ तिनाउ गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का अध्यक्ष यादव प्रसाद अर्याल
- ❖ तिनाउ गाउँपालिका वडा नं. १ का अध्यक्ष श्री भुवन सिंह चिदी
- ❖ तिनाउ गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री चित्र बहादुर थापा
- ❖ तिनाउ गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री तुल बहादुर आले
- ❖ तिनाउ गाउँपालिका वडा नं ५ का अध्यक्ष श्री ईन्द्र कुमारी चिदी
- ❖ तिनाउ गाउँपालिका पालिका वडा नं ६ का अध्यक्ष श्री टोम बहादुर पुन
- ❖ तिनाउ गाउँकार्यपालिका सदस्यहरु
- ❖ नेपाली कांग्रेस पार्टी प्रतिनिधी प्रेम पाण्डेय
- ❖ नेकपा एमाले पार्टी प्रतिनिधी राम बहादुर थापा
- ❖ नेकपा प्रतिनिधी राजेश श्रेष्ठ
- ❖ शिक्षा शाखा प्रमुख श्री लक्ष्मी कुँवर
- ❖ आर्थिक प्रशासन शाखा प्रमुख श्री शंकर पुरी
- ❖ स्वास्थ्य शाखा प्रमुख श्री कृष्ण कार्की
- ❖ प्राविधिक शाखा प्रमुख ईन्जिनीयर किसन कुँवर
- ❖ कृषि शाखा प्रमुख श्री हेम कुमार शर्मा
- ❖ सम्पुर्ण विद्यालयका प्रधानाध्यापकहरु
- ❖ विभिन्न संघ संस्थाका प्रमुख या प्रतिनिधीहरु

५. अतिथिहरु

नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रतिनिधि

नेपाली काँग्रेस प्रतिनिधि

नेकपा प्रतिनिधि

६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)

७. संचालन प्रक्रिया प्रारम्भिक चरण

Madi View Media Pvt. Ltd.
MV Madi View Estd.:2077
* Palpa *

CamScanner

(क) समन्वयात्मक बैठक

तिनाउ गाउँपालिकाद्धारा चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार तिनाउ गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठ, उपाध्यक्ष लाल बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश सारु, माडी भ्यू मिडिया प्रा.लि.का अध्यक्ष एवं सहजकर्ता श्री विजय बौडेलले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०८२ चैत २७ गते तिनाउ गाउँपालिका कार्यालयको सभाहलमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

(ख) सहजकर्ताको छनौट तथा समन्वय

तिनाउ गाउँपालिकाले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई पालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी माडी भ्यू मिडियालाई दिएको थियो । सोही अनुरुप माडी भ्यू मिडियाले अन्य सजहकर्ताहरु छनौट गरेको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

(घ) बहिर्गमन अभिमत संचालन

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । तिनाउ गाउँपालिकाका ६ वटै वडामा पुगेर बहिर्गमन अभिमत, नागरिक प्रतिवेदन पत्र र सुझाव संकलन कार्यहरु संचालन गरेको थियो ।

Madi View Media Pvt. Ltd. Madi View Estd.:2077 Palpa

# अनुसुची - २

## तिनाउ गाउँपालिकाको नागरिक प्रतिवेदन रिपोर्ट नमुना

### सर्वेक्षण

**१. तपाईं यस कार्यालयबाट भएका सेवा प्रवाहबारे समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ?**
सन्तुष्ट ( ७३ ) ठिकै ( १५ ) असन्तुष्ट ( १२ )

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**
सन्तुष्ट ( ८२ ) ठिकै ( १५ ) असन्तुष्ट ( ३ )

**३. तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?**
तिरेको छैन ( १०० ) एकदमै कम ( ० ) धेरै तिरेको ( ० )

**४. जनप्रतिनिधीको कार्यशैलीप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**
सन्तुष्ट ( ८३ ) ठिकै ( १२ ) असन्तुष्ट ( ५ )

**५. योजना छनौटमा नागरिकको चाहना बमोजिम जनप्रतिनिधीको भुमिका कस्तो मान्नुभएको छ ?**
राम्रो ( ८० ) ठिकै ( १३ ) असन्तुष्ट ( ७ )

**६. यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईंको विश्वास कत्तिको छ ?**
धेरै ( ७० ) ठिकै ( १३ ) विश्वास छैन ( १७ )

**७. यस कार्यालयमा तपाईंले एउटा कामको लागी कति पटक धाउनुपर्यो ?**
१ पटक ( ५६ ) २ पटक ( २० ) सो भन्दा धेरै ( २६ )

**८. तपाईंको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**
धेरै ( २० ) कम ( ३८ ) गरेको छैन ( ४२ )

**९. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**
प्रभावकारी छन् ( ७६ ) ठिकै छन् ( १४ ) प्रभावकारी छैनन् ( १० )

**१०. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**
पर्दैन ( १०० ) मागेरै लिन्छन् ( ० ) नदिए अप्ठ्यारो पार्छन् ( ० )

**११. कार्यालयमा भएका कर्मचारीको सीप कस्तो छ ?**
आवश्यक सीप छ ( ८७ ) आवश्यकता भन्दा कम छ ( ४ ) सीप निकै कम छ ( ९ )

**१२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?**
धेरै ( ६० ) ठिकै ( २८ ) कम ( १२ )

Madi View Media Pvt. Ltd. Madi View Estd.:2077 Palpa

CamScanner

(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

तिनाउ गाउँपालिकाद्धारा चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले गाउँपालिकाद्धारा सुचना प्रकाशन गरिएको थियो ।

गाउँपालिकाले आफ्नो फेसबुकमार्फत सामाजिक सञ्जालमा एक हप्ता अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन गरेको थियो । पालिका कार्यालय परिसर कार्यक्रम हुने स्थल, बजार क्षेत्रमा सार्वजनिक सुनुवाईको सूचना प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरुमा र जनप्रतिनिधिहरुको मौखिक निमन्त्रणामा सहभागीता सुनिश्चितताको लागि खबर गर्ने कार्य गरिएको थियो ।

Madi View Media Pvt. Ltd.
Madi View
Estd.:2077
Palpa

सार्वजनिक सुनुवाइको लागि मिति, स्थान र समय खुल्ने गरी प्रकाशन गरिएको सुचना

# तिनाउ गाउँपालिका
Tinau Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३/Estd. 2017 A.D.

पत्र संख्या /Letter No.: २०८२।०८३
चलानी नं /Ref. No.:

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

**सार्वजनिक सुनुवाई सम्बन्धी सूचना !!!**

(प्रकाशित मितिः २०८२।१२।१६)

तिनाउ गाउँपालिकाको आ.व. २०८२।०८३ को हालसम्मको योजना तर्जुमा, विकास निर्माणमा सुधार तथा सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउदै सुशासन कायम गर्न विकास निर्माण तथा सेवा प्रवाह लगायतका विषयमा सरोकारवाला ( राजनैतिक दल, जनप्रतिनिधिहरु, पत्रकार, नागरिक समाज, संघ- संस्थाहरु, विभिन्न समिति/ उपसमितिहरु तथा उपभोक्ताहरु) तथा पालिकावासीहरुको जिज्ञासा, गुनासा, प्रतिक्रिया तथा सुझाव संकलन गरी आगामी दिनमा थप सुधार गर्दै जाने उद्देश्यका साथ देहायको मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिको लागि अनुरोध छ।

**सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमः**

| | |
|---|---|
| मितिः | २०८२।१२।२७ गते (ने.स. ११४६ चौलागा , अष्टमी) शुक्रबार |
| समयः | विहान ११:३० बजे |
| स्थानः | तिनाउ गाउँपालिकाको कार्यालय |

.........................
(दिनेश सारु)
प्रमुख प्रशासकीय अधिकृत

Website: www.tinaumun.gov.np
Contact No.: 075-413064/63
Email: tinaururalmunicipality@gmail.com

Madi View Media Pvt. Ltd. Madi View Estd.:2077 Palpa

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | राजेश श्रेष्ठ | नेकपा प्रतिनिधि | बालविवाह रोकिएको छैन । जनप्रतिनिधिकै छोरीको बालविवाह भएको छ । सबैले बालविवाह रोक्ने प्रतिवद्धता जनाउनु पर्छ । अभिभावक र बालबालिकालाई सचेत बनाउने अभियान सञ्चालन गर्नुपर्यो । छात्राबासमा बच्चा जन्मिनुले समाजमा राम्रो शन्देस गएको छैन । प्राप्त सुझावलाई गहन रुपमा लिनुपर्यो । | गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष | बालबिबाह नियन्त्रणका लागि गाउँपालिकाले धेरै योजना तथा कार्यक्रम सञ्चालन गरिरहेको छ । सुझाव मनन् गरि आगामी दिनमा सुधार गरिनेछ । |
| ५. | प्रेम पाण्डेय | नेपाली कांग्रेस प्रतिनिधि | कार्यक्रममा सहभागीहरुको उपस्थिति कम भयो । समाजका सबै व्यक्तिहरु मिलेर बालमैत्री गाउँपालिका घोषणा गर्ने सुचकहरु पुरा गर्न लाग्नुपर्यो । बालबालिकालाई यौन सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । मिनिटिलर वितरणमा भेदभाव भयो कि ? कसैले धेरैपटक पाएका छन् । कसैले पाएका छैनन् । झुम्सामा खानी र पालिकाको सहकार्यमा बाटो निर्माण हुने विषय ढिला हुन्छ कि ? बजेट फ्रिज नहोस् । पुँजीगत खर्च कम भयो । अब ३ महिनामा अझै कति हुन्छ ? | गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष | कार्यक्रममा उपस्थितिको लागि सबैलाई खबर गरेपनि कम उपस्थिति भएकोमा आगामी दिनमा थप समन्वय गरिनेछ । सुझाव मनन् गरि आगामी दिनमा सुधार गरिनेछ । |

कार्यक्रममा जम्मा ५ जना सहभागीहरूले आ-आफ्ना प्रश्न, जिज्ञासा र सुझावहरू राख्नुभएको थियो ।

Madi View Media Pvt. Ltd. MV Madi View Estd.:2077 * Palpa *

सर्वेक्षणमा सहभागि नागरिकहरुबाट कार्यालय, जनप्रतिनिधि र कर्मचारीहरुलाई आएको सुझावहरु

- तिनाउ गाउँपालिमा भर्खरै हस्तान्तरण भएको साँस्कृतिक डबली चलाउने योजना के छ ? पाल्पामा बनेका दुई वटा डबली मध्ये तानसेनको बजार क्षेत्रमा भएको डबली अहिले सम्म सञ्चालनमा आएको छैन । यहाँको कसरी चलाउने हो ?
- तिनाउ गाउँपालिकाले यो आर्थिक वर्षमा कति रकम ईन्धन क्षेत्रमा गरेको छ ? त्यसको विवरण सार्वजनिक गर्नुपर्यो ।
- डुम्रे दुग्ध सहकारी बाट बेचेको दुध तताउँदा चुईगम जस्तो भएको समाचार बाहिरिएको थियो । उक्त विषयको सत्य तथ्य अवस्था के हो ? गाउँपालिकाको तर्फबाट अनुगमनको काम के भईरहेको छ ?
- ग्रामिण क्षेत्रबाट गाउँपालिकासम्म जानका लागि निकै दु:ख भएको छ। सहज रुपमा यातायातको व्यवस्था गर्नुपर्ने ।
- जनप्रतिनिधिको निर्देशनमा कर्मचारी होईन, कर्मचारीको निर्देशनमा जनप्रतिनिधि चलेको जस्तो देखिन्छ। कारण के हो ?
- सवारीसाधन आवश्यकता भन्दा धेरै चलाएको पाईएको छ। कार्यालयको काम भन्दा जनप्रतिनिधि र कर्मचारीलाई घरघरमै पुर्याउने काममा बढी प्रयोग गरेको पाईएको छ । कर्मचारीले पनि घरघरमै सवारी लाने गरेका छन् । कार्यालयको अवधि र काममा मात्र प्रयोग गर्नुपर्यो ।
- योजनाको फरफारकमा सम्स्या भएको। सम्झौताअनुसारको भुक्तानी नहुँदा उपभोक्ता समितिले काम गर्न समस्या भएको ।
- सबै वडा एकै खालको नभएको हुँदा निर्माण सामग्रीको दररेट र बजारभाउको मेल छैन । त्यसले उपभोक्ताहरु मारमा परेका छन् ।
- कृषि क्षेत्रमा बाँडिएको बिउको गुणस्तर र प्याकेजिंग कागज फरक भएको घटनाको विषयमा के हो ? स्पष्ट पारिदिनुपर्यो ।
- खानीबाट पाउने राजश्व त गाउँपालिकाले लिएका छन्, केन्द्रमा बुझाएको राजश्वको केहि प्रतिशत गाउँपालिकामा ल्याउने पहल र प्रयास के भईरहेको छ ?
- खानी क्षेत्रबाट उठाएको राजश्व खानी प्रभावित क्षेत्रमा नै लगानी गर्नुपर्यो । प्रभावित क्षेत्रले उपभोग गर्नुपर्यो । राजश्व समयमा नउठ्ने भन्ने सुनिएको छ। आन्तरिक रुपमा मिलाईएको भन्ने छ। के होला ?
- विकासका योजनाहरु निर्माण गर्दा स्थानीय व्यक्तिहरु संग समन्वय गर्नु जरुरी छ।
- पालिकाका सूचना सामाजिक सञ्जालबाट मात्रै प्रवाह गर्दा नागरिकसम्म जानकारी पुग्न नसकेको ।
- तिनाउ गाउँपालिकाको कक्षा ८ को नतिजा सार्वजनिक भएको छ। नतिजा सन्तोषजनक भएन । यसमा गाउँपालिकाको धारणा र समीक्षा के हो ?
- बादँर दुम्सीलगायतका जंगली जनावरले बाली नास गरेर हैरानी खेप्नु परेको ।

Madi View Media Pvt. Ltd.
MV
Madi View
Estd.:2077
Palpa

- छात्राबासमै एक किशोरीले बच्चा जन्माएको समाचार आएको छ, छात्राबास सञ्चालन गर्ने विद्यालयको लापरबाहि हो कि ? किशोरावस्थाका बालबालिकाको आकर्षणलाई सहि रुपमा बुझाउन नसक्दा यस्ता घटना बढ्दै जाँदा बालमैत्री गाउँपालिका घोषणा गर्ने अभियानले कस्तो सार्थकता पाउला ? होस्टलमा हेरचाह र सजगता नहुँदा यस्तो घटना भएको हो कि ?
- विकास निर्माणका काममा कर्मचारी र जनप्रतिनिधिहरुको समन्वय देखिएको छैन ।
- तिनाउ गाउँपालिका भित्रका सरकारी सवारी साधनलाई मात्र ईन्धन टोकन दिनुपर्नेमा नीजि सवारी साधनलाई समेत बाँडिएको भन्ने छ, त्यसको बास्तविकता के हो ? कुन कुन सवारी साधनलाई कति कति ईन्धन दिईयो भन्ने विवरण सार्वजनिक हुनुपर्यो ।
- कृषिको लागि बजेट तथा कार्यक्रम कम भयो । यसलाई बढाउनु पर्यो ।
- बजार अनुगमन नहुँदा उपभोक्ताहरु ठगिएका छन् । राजमार्ग छेउँका पसलमा पुरानो तेलले बटुक पकौडा बनाएर उपभोक्ताको स्वास्थ्यमा खेलबाड गरिएको छ । बजार अनुगमन वर्षमा कति पटक कहिले कहिले हुनुपर्ने हो ? भएको छ कि छैन ?
- अपांगता भएका विपन्न परिवारको सुचि अद्यावधिक गर्नुपर्ने ।
- अघिल्लो सार्वजनिक सुनुवाइ कार्यक्रममा भएका प्रतिवद्धताहरु पुर्ण रुपमा पालना भएनन् । प्रतिवद्धताहरु पुरा गर्नुपर्यो ।
- तिनाउ गाउँपालिकामा दालचिनीको संभावना राम्रो भएकाले त्यसको विस्तारमा प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने ।
- गाउँपालिकाले खरिद गर्ने विषयमा कर्मचारीहरुको कन्फि्लक्ट अफ ईन्ट्रेस्ट देखिन्छ, सुधार गर्न जरुरी छ ।
- सत्यवती क्षेत्र तिनाउको सबैभन्दा ठुलो पर्यटकीय भएकाले त्यसलाई आम्दानीको श्रोत आउने तरिकाले विकास गर्नुपर्यो । आन्तरिक आय बढाउने तरिकाले मेला व्यवस्थापन गर्नुपर्यो ।
- गाउँपालिकाले दुधमा दिँदै आएको अनुदानमा वृद्धि गर्नुपर्ने ।
- ठेकेदार कम्पनीले स्थानीय संग सहजीकरण नगरिकन काम गर्दा समस्या भएकाले गाउँपालिकाले समन्वय गर्नुपर्ने ।
- योजना फरफारक गर्न प्रक्रियागत रुपमा निकै झण्झट छ। त्यसलाई सहज बनाउन लाग्नुपर्यो ।
- सामग्रीको दररेट र बजारभाउको मेल छैन । त्यसले उपभोक्ताहरु मारमा परेका छन् ।
- विकासका योजनाहरु निर्माण गर्दा स्थानीय व्यक्तिहरु संग समन्वय गर्नु जरुरी छ। वडा तथा पालिका बाट सुचनाहरु नागरिक सम्म सहज ढंगले पुग्ने गरेको छैन ।
- कार्यालयले सेवाग्राहीबाट गुनासो, सुझावहरू लिने र सोही अनुसार काम गर्ने गर्नु पर्‍यो ।
- विगत भन्दा कर्मचारीको व्यवहारमा सुधार आएका छ तर अझै सुधार गर्नु पर्ने देखिन्छ ।
- उपभोक्ता समितिलाई सचेत बनाएर काम गर्नुपर्यो ।
- प्राविधिकहरुले ईष्टिमेट र मुल्यांकनको संयोजन मिलाउनुपर्यो ।

Madi View Media Pvt. Ltd. MVM Madi View Estd.:2077 Palpa

## सकारात्मक सुझावहरु

- ग्रामिण क्षेत्रमा धेरै सडकहरु स्तरोन्नती भएका छन् । पुल, सामुदायिक भवन लगाएतका भौतिक पुर्वाधारको विकास क्रमश अघी बढेको छ ।
- जनप्रतिनिधीहरु सहज छन् । नागरिकको कामलाई प्राथमिकता दिएर कार्यालय भित्र र कार्यालय बाहिर समेत सेवा दिएका छन् ।
- सबै वडा कार्यालयहरुले आफ्नै भवन बाट सेवा दिनु सकारात्मक विषय हो ।

## ९. सार्वजनिक प्रतिवद्धता

गाउँपालिका कार्यालयको तर्फबाट निम्नानुसार प्रतिवद्धता व्यक्त गरिएको थियो ।

- यस सार्वजनिक सुनुवाइमा नागरिकको तर्फबाट आएका विषयहरु र खुल्ला छलफलबाट आएका सल्लाह सुझावलाई सकारात्मक रुपमा ग्रहण गर्दछौ ।
- वार्षिक योजनाहरूलाई प्राथमिकताको आधारमा पुरा गर्नेछौ ।
- सबै प्रकृयाहरू पुर्याएर आएका कागजातको भुक्तानीमा ढिला गर्न दिइने छैन ।
- सेवा दिन र सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउन प्रयासरत रहनेछौं ।
- नागरिक वडापत्रको पालना गरिनेछ । साथै सुझाव पेटिकालाई प्रभावकारी बनाइनेछ ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सामाजिक संघसंस्थाहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन पत्र, बहिर्गमन अभिमत, नागरिक अभिमत संकलन समेत गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको ।
- तिनाउ गाउँपालिकाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जवाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जवाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेको ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सुचना सामाजिक सञ्जालमा सार्वजनिक गरिएको र पालिका तथा बजार क्षेत्रमा टाँस गरिएको ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

Madi View Media Pvt. Ltd.
MV Madi View
Estd.:2077
Palpa

CamScanner

- ❖ समय पर्याप्त राखी कार्यक्रमको प्रचारप्रसारमा ध्यान दिनु पर्ने ।
- ❖ नागरिक सहभागिता बढाउनु पर्ने ।
- ❖ सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- ❖ पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- ❖ वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।
- ❖ सामाजिक सञ्जाल मात्र नभई अन्य सञ्चारमाध्यममा पनि सुचना प्रकाशन, प्रशारण गरि जनसहभागितामा वृद्धि गर्नुपर्ने ।

## १३.समस्याहरु

- ❖ सहभागी जुटाउन गाह्रो भएको ।
- ❖ कार्यक्रम ढिला सुरु हुँदा समापन पनि ढिलो नै भएको हुँदा सहभागीहरुलाई आउन जान समस्या भएको ।

## १४.निष्कर्ष

तिनाउ गाउँपालिकाको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । तिनाउ गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रवर्द्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रमलगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए । पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको समेत सहभागीता रहेको थियो ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । जिल्लाका अन्य सरकारी कार्यालयका प्रमुखहरु तथा संचारमाध्यमहरुलाई समेत पालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइ नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

Madi View Media Pvt. Ltd. MV Madi View Estd. 2077 Palpa

CamScanner

## सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन तालिका

आयोजक : तिनाउ गाउँपालिकाको कार्यालय दोभान, पाल्पा
सहजीकरण : माडी भ्यू मिडिया प्रा.लि. तानसेन, पाल्पा
कार्यक्रम विवरण
मिति : २७ चैत २०८२
स्थान : तिनाउ गाउँपालिकाको सभाहल

- ❖ अध्यक्षता : प्रेम श्रेष्ठ, अध्यक्ष, तिनाउ गाउँपालिका
- ❖ आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी : संचालक
- ❖ कार्यक्रमप्रति प्रतिक्रिया
  - ➢ नेपाली काँग्रेस प्रतिनिधि
  - ➢ नेकपाका प्रतिनिधि

संक्षिप्त जवाफ तथा धन्यवाद ज्ञापन : लाल बहादुर थापा, उपाध्यक्ष, तिनाउ गाउँपालिका

संक्षिप्त जवाफ सहित समापन

कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासाहरूलाई ग्रहण गरी आगामी दिनहरूमा यथासम्भव सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले कार्यक्रमको समापन गर्नुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य नागरिक र गाउँपालिका बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ । सार्वजनिक सुनुवाइ नागरिकहरुको वडा कार्यालयको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार भएको र त्यसलाई गाउँपालिकाले निरन्तरता दिने कार्यक्रमका अध्यक्ष प्रेम श्रेष्ठले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

Madi View Media Pvt. Ltd. MV Madi View Estd.:2077 Palpa

## कार्यक्रमका झलकहरु







Madi View Media Pvt. Ltd.
MV Madi View
Estd.:2077
* Palpa *

CS CamScanner






Madi View Media Pvt. Ltd.
MV
Madi View
Estd.:2077
* Palpa *

CS CamScanner






Madi View Media Pvt. Ltd.
Madi View
Estd.:2077
Palpa


CamScanner






CamScanner






Madi View Media Pvt. Ltd.
MV Madi View Estd. 2077
Palpa

CamScanner





Madi View Media Pvt. Ltd.
MV
Madi View
Estd. 2077
Palpa

CamScanner


तिनाउ गाउँपालिकाको
आर्थिक वर्ष २०८२/०८३ को
दोस्रो चौमासिक
सुनुवाइ कार्यक्रम
तिनाउ गाउँपालिका
गाउँपालिकाको कार्यालय
दोभान पाल्पा



CamScanner






Madi View Media Pvt. Ltd.
Madi View
Estd.:2077
Palpa





Madi View Media Pvt. Ltd.
MV Madi View
Estd.:2077
* Palpa *

CS CamScanner





Madi View Media Pvt. Ltd.
MV Madi View
Estd.:2077
Palpa

CS CamScanner





Madi View Media Pvt. Ltd.
MV Madi View
Estd.:2077
Palpa

CS CamScanner



अन्त्यमा,

सावर्जनिक सुनुवाई कार्यक्रममा सहजिकरणको भुमिका दिने तिनाउ गाउँपालिका, सम्पुर्ण वडा कार्यालयहरु, सम्पुर्ण सेवाग्राहीहरू, कार्यक्रममा उपस्थित भएर जिज्ञासा, सुझाव दिनुहुने स्थानीयबासी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, कार्यालय प्रमुख, पत्रकार र उपस्थित सर्वसाधारण सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका सवालहरूको सम्बन्धमा गरिएका प्रतिवद्धताहरू पूर्णरुपमा कार्यान्वयन गर्न अनुरोध समेत गर्दछु ।

Madi View Media Pvt. Ltd.
MV Madi View Estd. 2077
Palpa

विजय बौडेल
अध्यक्ष
माडी भ्यू मिडिया प्रा.लि. तानसेन, पाल्पा